नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# छनोट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०८१

(पहिलो संशोधनः २०८१।५।२५)

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग, त्रिपुरेश्वर

असार, २०८१

# छनोट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०८१

प्रस्तावनाः अन्तर्राष्ट्रिय व्यापारलाई सहज तुल्याउने अभिप्रायले निकासी वा पैठारी हुने मालवस्तुलाई जोखिमका आधारमा वर्गीकरण गरी जोखिमरहित वा कम जोखिमयुक्त मालवस्तुको सहज आवागमनका लागि जोखिमका आधारमा जोखिम पहिचान गर्न प्रचलित मान्यता र सिद्धान्त समेतलाई आधार मानी नेपाल भन्सार प्रशासनको वर्तमान अवस्था समेतलाई मध्यनजर राखी मालवस्तु छनोट गरी यस्तो छनोट प्रणाली अन्तर्गत मालवस्तु जाँचपास गर्ने सम्वन्धमा भन्सार ऐन, २०६४ को दफा २० को उपदफा (२) को प्रयोजनका लागि निर्देशिका बनाई लागू गरी कार्यान्वयन गर्नुपर्ने भएकाले भन्सार ऐन, २०६४ को दफा ९३ बमोजिम भन्सार विभागले यो निर्देशिका बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "छनोट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका छनोट प्रणाली लागू भएका सबै भन्सार कार्यालयहरुमा तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "घोषणा" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनत्रमा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट नियमावलीमा तोकिए बमोजिम सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ग) "छनोट प्रणाली" भन्नाले राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वस्थ्यको सुरक्षा, पर्यावरणीय सुरक्षा, मालवस्तुको प्रकृति, मालवस्तुको उत्पत्तिको मुलुक, मालवस्तु चलान भएको मुलुक, आपूर्तिकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टको साख आदिको आधारमा निर्धारण गरिने जोखिमलाई विचार गरी त्यस्ता जोखिमका आधारमा मालवस्तुको वर्गीकरण गरी मालवस्तु जाँचपास गर्न यस निर्देशिका बमोजिम मालवस्तु जाँचपास गर्ने प्रणाली सम्झनु पर्छ।

(घ) "जाँच" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु घोषणा गरिए बमोजिम छ छैन भनी यकिन गर्न भन्सार कार्यालयले त्यस्तो मालवस्तु वा सो मालवस्तु सम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशी मुलुकबाट नेपाल भित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने यात्रुको शरीरको तलासी र एक्सरे गर्ने कार्य समेतलाई जनाउँदछ।

(ङ) "जाँचपास" भन्नाले भन्सार अधिकृतले ऐन र नियमावली बमोजिम भन्सार कार्यालयबाट कुनै मालवस्तु निकासी वा पैठारी गर्न वा उठाइ लैजान दिएको अनुमति सम्झनु पर्छ।

(च) "नियमावली " भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्छ।

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभाग

(छ) "पैठारी" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने काम सम्झनु पर्छ।

(ज) "निकासी" भन्नाले नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने काम सम्झनु पर्छ।

(झ) "प्रज्ञापनपत्र" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण घोषणा गर्ने फाराम सम्झनु पर्छ।

(ञ) "भन्सार अधिकृत" भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृत सम्झनु पर्छ।

(ट) "महानिर्देशक" भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित केन्द्रीय जोखिम व्यवस्थापन समिति सम्झनु पर्छ।

(ड) "केन्द्रीय जोखिम व्यवस्थापन इकाई" भन्नाले दफा ४ बमोजिम गठित इकाई सम्झनु पर्छ।

(ढ) "कार्यदल" भन्नाले दफा ५ बमोजिम गठित र्‍याण्डम हिट (Random Hit) कार्यदल सम्झनु पर्छ।

(ण) "स्थानीय जोखिम व्यवस्थापन इकाई " भन्नाले दफा ६ बमोजिम गठित इकाई सम्झनु पर्छ।

(त) "शाखा" भन्नाले भन्सार विभागको जोखिम व्यवस्थापन शाखा सम्झनु पर्छ।

(थ) "कार्यालय" भन्नाले छनोट प्रणाली लागू भएका भन्सार कार्यालयहरु सम्झनु पर्छ।

(द) यस दफाले परिभाषित नगरेका तर ऐन, नियमावलीमा परिभाषा गरिएका र यस निर्देशिकामा प्रयोग भएका शव्दहरुको अर्थ सो ऐन वा नियममा परिभाषा गरिए बमोजिम नै हुनेछ।

३. केन्द्रीय जोखिम व्यवस्थापन समितिको गठन:(१) महानिर्देशकले जोखिम व्यवस्थापन हेर्ने उपमहानिर्देशकको संयोजकत्वमा देहाय बमोजिमको केन्द्रीय जोखिम व्यवस्थापन समितिको गठन गर्नेछ।

| | |
|---|---|
| (क) उपमहानिर्देशक, जोखिम व्यवस्थापन हेर्ने | -संयोजक |
| (ख) निर्देशक, जोखिम व्यवस्थापन शाखा | -सदस्य |
| (ग) निर्देशक, नीति महसुल शाखा | -सदस्य |

| | |
|---|---|
| (घ) निर्देशक, वर्गीकरण तथा पुनरावलोकन शाखा | -सदस्य |
| (ङ) निर्देशक, मूल्यांकन तथा पुनरावलोकन शाखा | -सदस्य |
| (च) निर्देशक, अनुगमन शाखा | -सदस्य |
| (छ) निर्देशक, सूचना प्रविधि पूर्वाधार शाखा | -सदस्य |
| (ज) निर्देशक, तथ्यांक व्यवस्थापन शाखा | -सदस्य |
| (झ) शाखा अधिकृत, जोखिम व्यवस्थापन शाखा | -सदस्य सचिव |

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभाग

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) संयोजकले आवश्यक ठानेमा समितिको बैठकमा विषय विज्ञताका आधारमा अन्य कर्मचारी/पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जोखिम व्यवस्थापनका सिद्धान्तहरु भन्सार प्रशासनको नीति तथा कार्यसम्पादन प्रक्रिया अनुकूल भएको कुराको सुनिश्चित गर्ने,

(ख) जोखिम सूचकको आधारमा आवश्यकतानुसार जोखिम प्रोफाइल एवं जोखिम रजिष्टर स्वीकृत गर्ने।

(ग) जोखिम सूचकको रुपमा छनोट प्रणाली लागू भएका कार्यालयबाट जाँचपास भएका कागजात, देखिएका कैफियत, समसामयिक सन्दर्भ, घोषणाको स्वरुप, नियमनकारी निकायबाट प्राप्त जानकारी, विभागमा प्राप्त भएका सूचना, व्यवसायिक प्रवृति समेतको विश्लेषण गरी जोखिमको रजिष्टर, जोखिम प्रोफाइल, जोखिमका सूचक तथा छनोट प्रणालीलाई अद्यावधिक गर्ने सम्बन्धी निर्णय गर्ने।

(घ) केन्द्रीय जोखिम व्यवस्थापन इकाईको सिफारिसको मूल्याङ्कन र विश्लेषण गरी आवश्यक निर्णय लिने,

(ङ) जोखिम व्यवस्थापन सम्वन्धी विषयमा आवश्यकता अनुसार विज्ञको राय/सुझाव लिन सक्ने।

(च) समितिको निर्णय कार्यान्वयनको लागि शाखामा पठाउने र शाखाले प्रणालीमा अद्यावधिक गर्ने/गराउने वा निर्णय बमोजिमका अन्य काम गर्ने/गराउने।

(छ) समितिले गरेको काम कारवाही तथा निर्णयको जानकारी नियमितरुपमा महानिर्देशकलाई गराउनु पर्नेछ।

४. केन्द्रीय जोखिम व्यवस्थापन इकाईको गठनः(१) विभागमा देहाय बमोजिमको केन्द्रीय जोखिम व्यवस्थापन इकाई रहनेछः

(क) निर्देशक, जोखिम व्यवस्थापन शाखा -संयोजक

(ख) शाखा अधिकृत , अनुगमन शाखा -सदस्य

(ग) कम्प्युटर अधिकृत/इन्जिनियर,सूचना प्रविधि पूर्वाधार शाखा -सदस्य

(घ) तथ्यांक अधिकृत, तथ्यांक व्यवस्थापन शाखा -सदस्य

(ङ) शाखा अधिकृत, जोखिम व्यवस्थापन शाखा -सदस्य सचिव

(२) केन्द्रीय जोखिम व्यवस्थापन इकाईको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) भन्सार जोखिमको पहिचान, विश्लेषण, वर्गीकरण र प्राथामिकीकरण गर्ने र त्यस्ता जोखिमको न्यूनीकरण र नियन्त्रणका उपायहरु पहिल्याउने,

(ख) जोखिमको न्यूनीकरण तथा नियन्त्रणका लागि अवलम्वन गरिएका उपायहरुको समीक्षा गर्ने,

(ग) विभागको अनुगमन, भन्सार मूल्यांकन तथा पुनरावलोकन, अनुसन्धान तथा अनुपालन, नीति महसुल, वर्गीकरण तथा पुनरावलोकन, प्रयोगशाला शाखाहरु समेतबाट जोखिमका क्षेत्रहरुको सूचना/विवरण प्राप्त गर्ने,

(घ) आशिकुडाको सेलेक्टिभिटी मोड्यूलका लागि राजस्वको जोखिम, राष्ट्रिय सुरक्षाको जोखिम, सामाजिक जोखिम, क्षेत्रगत जोखिम, निकासी वा पैठारी हुने मालवस्तुको प्रकृति, उत्पत्तिको मुलुक, मालवस्तु चलान भएको मुलुक, निकासी वा पैठारीकर्ताको साख, भन्सार एजेन्टको साख तथा विभागको शाखाहरुबाट प्राप्त जोखिम पहिचान भएका विवरण तथा अन्य आवश्यक कुराहरु समेतलाई आधार लिइ सो बमोजिम जोखिमका क्षेत्रहरुको पहिचान गरेर जोखिमको रजिष्टर, जोखिम प्रोफाइल, जोखिमका सूचक तयार गरी प्रमाणित गराई राख्ने।

(ङ) स्थानीय जोखिम व्यवस्थापन इकाईबाट प्राप्त निर्णय/सिफारिसको मूल्यांकन तथा विश्लेषण गर्ने।

(च) शाखामा प्राप्त सबै किसिमका जोखिमका सूचना तथा तथ्यांकहरु एवं विभागको तथ्यांक व्यवस्थापन शाखा र अन्य शाखाहरुबाट प्राप्त विवरण एवं तथ्यांकको आवश्यकतानुसार मूल्यांकन तथा विश्लेषण गरी महिनामा सामान्यतयः कम्तिमा दुई पटक र आवश्यकतानुसार थप बैठक बसी समिति समक्ष सिफारिस गर्ने,

(छ) समितिको सचिवालयको रुपमा काम गर्ने,

(ज) शाखा र समितिको प्रत्यक्ष रेखदेख एवं निर्देशनमा रही कार्य सम्पादन गर्ने/गराउने ।

५. कार्यदलको गठनः (१) महानिर्देशकले जोखिम व्यवस्थापन हेर्ने उपमहानिर्देशकको संयोजकत्वमा देहाय बमोजिमको र्‍याण्डम हिट (Random Hit) कार्यदल गठन गर्नेछ।

(क) उपमहानिर्देशक, जोखिम व्यवस्थापन हेर्ने -संयोजक

(ख) निर्देशक, जोखिम व्यवस्थापन शाखा -सदस्य

(ग) निर्देशक, अनुगमन शाखा -सदस्य

(घ) शाखा अधिकृत, जोखिम व्यवस्थापन शाखा -सदस्य सचिव

(२) कार्यदलको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ।

(३) कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निकासी/पैठारी हुने मालवस्तुको छनोट प्रणाली बमोजिम Targeted Lane लाई बढीभन्दा बढी अनुमान गर्न नसकिने (Unpredictable) बनाउन ASYCUDA World (NECAS) को Selectivity अन्तरगतको Selectivity Parameters मा रहेको Random Hit को Expected Rate (%) र Minimum Random Rate (%) लाई आवश्यकतानुसार हेरफेर गर्ने सम्बन्धी निर्णय गर्ने।

(ख) कार्यदलले शाखामा प्राप्त जोखिम सम्बन्धी सूचना तथा तथ्यांक (Open source information समेत) को मूल्यांकन तथा विश्लेषण गरी छनोट प्रणाली लागू भएका सबै भन्सार कार्यालयमा समान किसिमको वा एकभन्दा बढी भन्सार कार्यालयहरुमा फरक फरक हुने गरी Random Hit को Expected Rate (%) र Minimum Random Rate (%) कायम हुने गरी आवश्यकतानुसार निर्णय गर्न सक्ने।

(ग) कार्यदलले ASYCUDA World (NeCAS) को Selectivity Parameter मा Random Hit को Expected Rate (%) लाई हेरफेर गर्ने सम्बन्धी निर्णय गर्दा सामान्यतयः हरियो मार्गबाट पहेंलो मार्ग वा रातो मार्गमा Randomly छनौट हुने Random Hit को Expected Rate (%) वा पहेंलो मार्गबाट रातो मार्गमा Randomly छनौट हुने Random Hit को तत्काल कायम रहेको Expected Rate (%) को अंकलाई एक पटकमा सामान्यतयः २० अंकभन्दा घटी वा बढी हुने गरी परिवर्तन गर्न पाइने छैन।

तर विभागमा जोखिम सम्बन्धी विशेष सूचना प्राप्त भएको आधारमा वा छनोट प्रणाली बमोजिम Targeted Lane लाई बढीभन्दा बढी अनुमान गर्न नसकिने (Unpredictable) बनाउन सबै भन्सार कार्यालयमा समान हुने गरी वा एकभन्दा बढी भन्सार कार्यालयमा फरक फरक हुने गरी आशिकुडा वर्ल्ड (NeCAS) को Selectivity Parameter मा Random Hit को Expected Rate (%) को अंकलाई एक पटकमा २० अंकभन्दा घटी वा बढी हुने गरी Randomly हेरफेर गर्न उपदफा (३) को खण्ड (ग) को व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(घ) कार्यदलले गरेको काम कारवाही तथा निर्णयको जानकारी नियमितरुपमा महानिर्देशकलाई गराउनु पर्नेछ।

६. स्थानीय जोखिम व्यवस्थापन इकाईको गठनः (१) केन्द्रीय जोखिम व्यवस्थापन इकाईलाई आवश्यक सूचना दिन र यो निर्देशिका कार्यान्वयन गर्नको निमित्त छनोट प्रणाली लागू भएका भन्सार कार्यालयका प्रमुखले आफु वा आफूभन्दा एक तह मुनिको कर्मचारीको संयोजकत्वमा आफ्नो कार्यालयमा एक स्थानीय जोखिम व्यवस्थापन इकाई गठन गरी सोको जानकारी केन्द्रीय जोखिम व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको इकाईमा कार्यालय प्रमुखले न्यूनतम तीन जना रहने गरी समितिको गठन गरी सोको जानकारी केन्द्रीय जोखिम व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको इकाईले सम्वन्धित भन्सार कार्यालयको इन्टिलिजेन्स इकाईको रुपमा समेत काम गर्नेछ।

(४) स्थानीय जोखिम व्यवस्थापन इकाईको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो कार्यालयका हरेक क्षेत्रमा हुनसक्ने जोखिमको पहिचान गरी त्यस्ता जोखिम नियन्त्रण र न्यूनीकरणका लागि कार्यालय प्रमुखलाई सुझाव दिने।

(ख) छनोट प्रणालीको कार्यान्वयन गर्ने प्रयोजनका लागि जोखिमका प्रोफाइलहरु तयार गरी अद्यावधिक वनाई राख्ने।

(ग) खण्ड (ख) बमोजिमका प्रोफाइलहरुको निरन्तर अनुगमन र विश्लेषण गरी त्यसमा आवश्यकता अनुसार परिमार्जन गरी नयाँ प्रोफाइलहरु निर्धारण गर्ने र त्यसरी गरेका हरेक परिवर्तनहरु कार्यालय प्रमुखबाट स्वीकृत गराई राख्ने।

(घ) स्थानीय जोखिम व्यवस्थापन इकाईको कम्तिमा हप्तामा एक पटक र आवश्यकतानुसार सोभन्दा बढी पटक बैठक राखी बैठकमा यस दफाको उपदफा (४) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित विषय एवं कार्यालयमा प्राप्त सबै किसिमका जोखिम सम्बन्धी सूचना एवं विवरणहरु सम्बन्धमा छलफल एवं निर्णय गरी उक्त निर्णयको जानकारी नियमितरुपमा केन्द्रीय जोखिम व्यवस्थापन इकाईमा पठाउने।

(ङ) केन्द्रीय जोखिम व्यवस्थापन इकाईको नियन्त्रण र निर्देशनमा रही कार्य गर्ने।

७. कम्प्युटर प्रणालीमा अद्यावधिक गर्नेः (१) केन्द्रीय जोखिम व्यवस्थापन इकाईले जोखिमको प्रोफाइल, स्थानीय जोखिम व्यवस्थापन इकाईले उपलव्ध गराएको सूचना, आफ्नै स्रोतबाट प्राप्त सूचना तथा अन्य कुनै स्रोतबाट प्राप्त सूचनालाई पहिचान र विश्लेषण गरी सोबाट सिर्जना हुन सक्ने जोखिमको स्तर, पुनरावृत्ति एवं परिणाम समेतको आँकलन गरी ऐनको दफा २० को उपदफा (२) बमोजिम जाँचपास गर्नुपर्ने मालवस्तु तथा जोखिमका सूचकहरुको सूची तयार गरी नियमित रुपमा समितिवाट निर्णय गराई समिति र कार्यदलको निर्णयलाई शाखाले कम्प्युटर प्रणालीमा अद्यावधिक गर्नु/गराउनु पर्नेछ।

८. आशिकुडा वर्ल्ड (NeCAS) बाट स्वचालित रुपमा प्राप्त हुने मार्ग/लेनको प्रकृया बमोजिम जाँचपास गर्नुपर्नेः (१) कुनै मालवस्तु जाँचपास गर्ने क्रममा सो मालवस्तु ऐनको दफा २० को उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनका लागि आशिकुडा वर्ल्ड (NeCAS) को छनोट प्रणाली (Selectivity System) मा देहायको मार्ग (Lane) को व्यवस्था रहेको छ।

(क) ऐनको दफा २० को उपदफा (२) को खण्ड (क) को प्रयोजनका लागि हरियो मार्ग (Green Lane),

(ख) ऐनको दफा २० को उपदफा (२) को खण्ड (ख) को प्रयोजनका लागि पहेंलो मार्ग (Yellow Lane),

(ग) ऐनको दफा २० को उपदफा (२) को खण्ड (ग) को प्रयोजनका लागि निलो मार्ग (Blue Lane),

(घ) ऐनको दफा २० को उपदफा (२) को खण्ड (घ) को प्रयोजनका लागि रातो मार्ग (Red Lane),

कुनै मालवस्तु जाँचपास गर्ने क्रममा सो मालवस्तु ऐनको दफा २० को उपदफा (२) को कुन खण्ड बमोजिम जाँचपास गर्नुपर्ने हो भन्ने जानकारी जाँचपास गर्ने भन्सार अधिकृतले जाँचपास गर्ने

क्रममा यस दफामा उल्लेख भए बमोजिम आशिकुडा वर्ल्ड (NeCAS) बाट स्वचालित रुपमा प्राप्त हुने मार्ग/लेनको आधारमा जाँचपास विधि अवलम्वन गरी मालवस्तु जाँचपास गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार कार्यालयको प्रमुखले कम्प्युटर प्रणालीबाट स्वचालित रुपमा प्राप्त हुने निर्देशन बमोजिम ऐनको दफा २० को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम जाँचपास हुने मालवस्तुका सम्बन्धमा कारण खुलाई त्यस्तो मालवस्तुलाई ऐनको दफा २० को उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको प्रकृया पूरा गरी जाँचपास गर्न सक्ने गरी आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मालवस्तु जाँचपास गरेकोमा सो भन्सार कार्यालयको प्रमुखले त्यसरी जाँचपास गर्नुपर्ने कारण सहितको जाँच प्रतिवेदन केन्द्रीय जोखिम व्यवस्थापन इकाईलाई तुरुन्त दिनुपर्नेछ।

९. विवरण पेश गर्नुपर्नेः (१) स्थानीय जोखिम व्यवस्थापन इकाईले ऐनको दफा २० को उपदफा (२) को खण्ड (ग) बमोजिम जाँचपास गरेकोमा सोको विवरण मासिक रुपमा भन्सार जाँचपास परीक्षण कार्यालयमा पठाउनु पर्नेछ वा भन्सार जाँचपास परीक्षण कार्यालयलाई त्यस्तो विवरणमा कम्प्युटर प्रणाली मार्फत पहुँच दिनुपर्नेछ।

(२) स्थानीय जोखिम व्यवस्थापन इकाईले छनोट प्रणाली कार्यान्वयन सम्बन्धी प्रगति प्रत्येक महिनाको पाँच (५) गतेभित्र केन्द्रीय जोखिम व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ।

(३) सबै भन्सार कार्यालयले प्रज्ञापनपत्र संशोधन सम्बन्धी मार्ग निर्देशन, २०६९ को परिच्छेद ४ अन्तरगत बुंदा नम्बर २० मा भएको व्यवस्था बमोजिम Lodged Data Change Request Form (LDCR) को मासिक विवरण प्रत्येक महिनाको पाँच (५) गतेभित्र विभागको जोखिम व्यवस्थापन शाखामा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका विवरणहरु समेतका आधारमा केन्द्रीय जोखिम व्यवस्थापन इकाईले छनोट प्रणाली कार्यान्वयन सम्वन्धी मासिक प्रगति विवरण तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ।

१०. नमूना जाँच गर्न सक्नेः यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मालवस्तुको प्राविधिक जाँच गर्ने वा वर्गीकरण गर्ने वा मूल्याङ्कन गर्ने मध्ये सबै वा कुनै प्रयोजनका लागि भन्सार अधिकृतले जुनसुकै मालवस्तुको नमूना झिक्न र आवश्यक जाँच गर्न सक्नेछ।

११. कर्मचारी जिम्मेवार नहुनेः_(१) यो प्रणाली अन्तर्गत ऐनको दफा २० को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम जाँचपास गरिएको कुनै मालवस्तु जाँचपास भएपछि अधिकारप्राप्त कुनै निकाय वा पदाधिकारीले पुनः भौतिक परीक्षण गर्दा प्रज्ञापनपत्रमा घोषणा गरिएको विवरण भन्दा फरक मालवस्तु फेला परेको वा वस्तु वर्गीकरण उपशीर्षक फरक

परेको वा परिमाण फरक परेको वा असुल हुनुपर्ने राजस्व घटी असुल भएको पाइएमा सोको निमित्त सो मालवस्तु जाँचपास गर्ने कर्मचारीलाई जिम्मेवार मानिने छैन र सोबाट सिर्जित सम्पूर्ण परिणामको जिम्मेवारी सम्बन्धित मालधनीको हुनेछ।

१२. जाँचपासपछि पुनः जाँच वा परीक्षण गर्न सकिनेः यो प्रणाली अन्तर्गत जाँचपास भएर भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्रबाट बाहिर पठाइसकेको मालवस्तुका सम्वन्धमा देहायको कार्य गर्न यस प्रणालीको कुनै कुराले बाधा पु-याएको मानिने छैनः

(क) मालवस्तुका सम्बन्धमा कुनै सूचना प्राप्त भएको आधारमा पुनः जाँच गरी कानून बमोजिम कारवाही गर्न,

(ख) ऐनको दफा २८ को उपदफा (८) अनुसार गर्न, र

(ग) ऐनको दफा ३४ बमोजिम जाँचपासपछिको परीक्षण गर्न।

१३. गोपनीयताः महानिर्देशक, उपमहानिर्देशक, समिति, कार्यदल र केन्द्रीय वा स्थानीय जोखिम व्यवस्थापन इकाईमा रहेका पदाधिकारीहरुले कार्यसम्पादनको सिलसिलामा अख्तियार गरेको नीति, अवलम्बन गरेको प्रक्रिया, गरिएका निर्णय, संकलन गरिएको सूचना, विवरण अभिलेख, तथ्यांक, श्रव्यदृश्य सामग्री वा अन्य त्यस्तै विषयहरु कानून बमोजिम आफूभन्दा माथिल्लो पदाधिकारी, लेखापरीक्षण, अनुसन्धान र अदालती प्रक्रियामा न्यायालयको आदेशमा प्रस्तुत गर्ने वाहेक कुनै पनि किसिमले प्रकट गर्न हुदैन।

१४. संशोधन वा खारेज गर्न सक्नेः यो निर्देशिकाको कुनै कुरा संशोधन वा खारेज गर्न आवश्यक ठानेमा महानिर्देशकले संशोधन वा खारेज गर्न सक्नेछ।

१५. खारेजी र वचाउः "छनोट प्रणाली कार्य सञ्चालन निर्देशिका, २०७७" खारेज गरिएको छ र सो निर्देशिका बमोजिम भए गरेका काम/कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।